राष्ट्रको सञ्चार
नेपाल टेलिकम

# Telecom Newsletter

नेपाल दूरसञ्चार कं.लि., भद्रकालीप्लाजा, काठमाडौं



Monthly Publication

Volume 23, Issue 9 No. 163 Nepal Telecom (Nepal Doorsanchar Co.Ltd.) Baishakh 2081 (April/May-2024)

## नेपाल टेलिकम सम्मानित



आर्थिक वर्ष २०७९/८० मा सबैभन्दा बढी कर तिर्ने सूचना प्रविधि क्षेत्रको कम्पनीको रूपमा नेपाल टेलिकम सम्मानित भएको छ। गत बैशाख २० गते सातौं राष्ट्रिय सूचना तथा सञ्चार प्रविधि दिवस (ICT Day) २०८१ को अवसरमा प्रधानमन्त्री पुष्पकमल दाहाल (प्रचण्ड)ले प्रबन्ध निर्देशक संगीता पहाडी (अर्याल) लाई उक्त सम्मानपत्र प्रदान गर्नुभएको हो।

## सुन्धारामा कपर प्रविधिको टेलिफोन सेवा फाइबर प्रविधिमा स्तरोन्नति



नेपाल टेलिकम, दूरसञ्चार कार्यालय सुन्धाराको क्षेत्राधिकार भित्र पर्ने सम्पूर्ण स्थानहरुमा सञ्चालित पुरानो कपर प्रविधिमा आधारित आधारभूत टेलिफोन (PSTN) सेवालाई फाइबर टु द होम (FTTH) प्रविधिमा स्तरोन्नति गरिएको छ। गत चैत २२ गते दू.सं.का. सुन्धारामा आयोजित एक कार्यक्रममा प्रबन्ध निर्देशक संगीता पहाडी (अर्याल) ले कपर प्रविधिको टेलिफोन सेवाको स्विच अफ गरी सो सेवा बन्द गर्नुभएको हो।

*(बाँकी पृष्ठ २ मा)*

## स्प्रिङ अफर अन्तर्गत विभिन्न आकर्षक अफर उपलब्ध

नेपाल टेलिकमले स्प्रिङ अफर २०८० (Spring Offer 2080) अन्तर्गत विभिन्न आकर्षक प्याक तथा सुविधाहरु उपलब्ध गराएको छ। यस अन्तर्गत कम्पनीले विभिन्न सुविधा सहितका नयाँ भ्वाइस तथा डाटा प्याकेज सञ्चालनमा ल्याएको छ। गत २०८० चैत ३० देखि सो अफर लागु भएको छ।

यस अनुसार रु. १८ मा १ दिन सम्म सबै नेटवर्कमा कल गर्न सकिने २५ मिनेट अल नेट अल टाइम भ्वाइस प्याक उपलब्ध छ भने रु. ३५ मा २ घण्टा सम्म प्रयोग गर्न सकिने 2 Hour Unlimited Data Pack उपलब्ध छ। यी वाहेक विभिन्न दरका भ्वाइस, डाटा र एसएमएस प्याक समेत उपलब्ध छन्।

- नयाँ भ्वाइस प्याकेज अन्तर्गत सबै नेटवर्कमा प्रयोग गर्न सकिने १०१ मिनेट, १५० मिनेट र ५३५ मिनेट भ्वाइस प्याक उपलब्ध हुनेछ भने ३५ दिन सम्म जुनसुकै समय र जुनसुकै नेटवर्कमा पनि प्रयोग गर्न सकिने १४०० मिनेट अल नेट भ्वाइस प्याक रु. ५९९ मा उपलब्ध हुनेछ।

- नयाँ डाटा प्याकेज अन्तर्गत रु. २४ मा 1 Hour Voice and Data Package उपलब्ध हुनेछ। सो प्याकेज खरिद गरेमा एक घण्टा सम्म कम्पनीकै नेटवर्कमा (अन-नेट) अनलिमिटेड कल गर्न र डाटा चलाउन सकिन्छ। त्यसैगरी रु. २० मा १ दिनका लागि ६०० एमबी डे डाटा प्याक र रु. ८० मा ३ दिन सम्म चलाउन सकिने तथा रु. १०९ मा ७ दिन सम्म चलाउन सकिने ३ जीबी डाटा प्याक उपलब्ध हुनेछ। यी वाहेक रु. ३९९ मा २८ दिन सम्म चलाउन सकिने १३ जीबी डाटा प्याक उपलब्ध हुनेछ।

- यसैगरी प्रिपेड तथा पोस्टपेडमा उपलब्ध सजिलो अनलिमिटेड प्याकहरु परिमार्जन गरिएको छ भने नयाँ प्याकेजको रुपमा सजिलो एक्जिक्युटिभ प्याक सञ्चालन भएको छ।

- जीएसएम टुजी वा थ्रीजी सिम प्रयोगकर्ताहरुलाई फोरजी प्रयोग गर्न प्रोत्साहित गराउने उद्देश्यले नयाँ आकर्षक अफर उपलब्ध गराइएको छ। यसरी टुजी वा थ्रीजी प्रयोगकर्ताले आफ्नो सिमलाई फोरजीमा एक्टिभेट गरेमा ३ जीबी डाटा, १०० मिनेट भोल्टी (Vo-LTE) भ्वाइस कल र ५० अन-नेट एसएमएस सुविधा उपलब्ध हुनेछ।



## सुन्धारामा कपर ...

(पृष्ठ १ को बाँकी)

कपर प्रविधिबाट वितरित टेलिफोन तथा एडीएसएल लाइनहरु पूर्ण रुपमा आधुनिक फाइबर प्रविधिको FTTH नेटवर्कमा Migration कार्य सम्पन्न गरी कपर नेटवर्क बन्द गरिएको हो ।

दूरसञ्चार कार्यालय सुन्धाराले यस अघि नै सार्वजनिक सूचना प्रकाशित गरी आफ्ना कपर नेटवर्कका ग्राहकहरुलाई आधुनिक FTTH प्रविधिमा अपग्रेड गराउन अनुरोध गरेको थियो ।

उक्त कार्यक्रममा प्रमुख अतिथि तथा कम्पनीका प्रबन्ध निर्देशक संगीता पहाडी (अर्याल) ले टेलिकम क्षेत्रमा प्रविधि रुपान्तरण आवश्यक रहेकोले त्यसैको निरन्तरता तथा समयको माग अनुरुप पुरानो कपर प्रविधिलाई आधुनिक फाइबर प्रविधिमा रुपान्तरण गरिएकोमा खुशी व्यक्त गर्नुभयो ।

नेपाल टेलिकम, प्रादेशिक निर्देशनालय काठमाडौं, वागमती प्रदेशका निर्देशक तथा कार्यक्रमका अध्यक्ष रीना डंगोलले ग्राहक सन्तुष्टिका लागि माग बमोजिम कपर प्रविधिबाट आधुनिक फाइबर प्रविधिमा रुपान्तरण गर्ने कार्य निरन्तर रुपमा भइरहेको उल्लेख गर्नुभयो ।

त्यसैगरी दूरसञ्चार कार्यालय सुन्धाराका कार्यालय प्रमुख दिनेश चन्द्र पन्थीले नेपालमा दूरसञ्चार सेवा प्रदानको इतिहासमा कोशेढुंगाका रुपमा दू.सं.का. सुन्धाराको भूमिका रहेको उल्लेख गर्दै सो कार्यालय अन्तर्गतका टेलिफोन ग्राहकहरुलाई आधुनिक प्रविधिमा रुपान्तरण गर्न पाउनु खुशीको क्षण रहेको बताउँदै सो कार्यमा सहयोग गर्नुहुने सम्पूर्णमा धन्यवाद ज्ञापन गर्नुभएको थियो ।

उक्त कार्यक्रममा कम्पनीका नायव प्रबन्ध निर्देशक, निर्देशक तथा कम्पनीमा क्रियाशील युनियनका पदाधिकारीहरु, भूतपूर्व विशिष्ट कर्मचारीहरु लगायत विभिन्न कार्यालयका कार्यालय प्रमुख तथा अन्य कर्मचारीहरुको उपस्थिति रहेको थियो ।

FTTH प्रविधिमा Migration भइसकेपछि ग्राहकले अत्याधुनिक प्रविधिको एनटी फाइबरमार्फत एउटै तारबाट तीव्र गतिको इन्टरनेट, टेलिफोन र टेलिभिजन सेवा समेत प्राप्त गर्न सक्ने भएकोले यो सेवा ग्राहकहरुका लागि फलदायी हुने विश्वास कम्पनीको रहेको छ ।

# NEONNT को पाँचौं केन्द्रीय अधिवेशन सम्पन्न



नेपाल राष्ट्रिय कर्मचारी संगठन नेपाल टेलिकम (NEONNT) ले पाँचौं केन्द्रीय अधिवेशन विभिन्न गतिविधिका साथ एक समारोहको आयोजना गरी सम्पन्न गरेको छ । नेपाल टेलिकमको केन्द्रीय कार्यालयमा यही बैशाख ६ गते आयोजित कार्यक्रममा प्रमुख अतिथि सञ्चार तथा सूचना प्रविधि मन्त्री रेखा शर्माले नेपाल टेलिकम देशको गौरव गर्न सकिने संस्था भएको उल्लेख गर्दै सर्वसाधारण जनतालाई सस्तो, भरपर्दो र गुणस्तरीय सेवा दिन सफल भएकोमा प्रशंसा गर्नुभयो । सो कार्यक्रममा उहाँले अहिले नेपालमा कर्मचारीको सेवा सुविधा न्यून नै रहेको उल्लेख गर्दै मुलुकको आर्थिक उन्नतिसँगै सेवा सुविधा पनि बढ्दै जाने भएकाले हरेक कर्मचारीले देश बनाउँछु र म पनि बन्छु भन्ने भावनाका साथ अघि बढ्नुपर्ने बताउनुको साथै सफा नियतका साथ काम गर्ने हो भने राजनीतिक, प्रशासनिक वा अन्य कुनै पनि क्षेत्रमा समस्या नआउने समेत स्पष्ट गर्नु भयो ।

कर्मचारी संगठनका साथै टेलिकमका प्रादेशिक तथा जिल्ला कार्यालयबीच काममा प्रतिष्पर्धा गराउन व्यवस्थापन पक्षलाई आग्रह गर्दै मन्त्री शर्माले सेवा वृद्धि गरेर व्यापार बढाउने र देशका सबै ठाउँमा दूरसञ्चार सेवा पुऱ्याएर डिजिटल नेपाल निर्माणको अभियानमा नेतृत्व लिनुपर्ने बताउनु भयो । देशका सबै ठाउँमा सहजरुपमा गुणस्तरीय इन्टरनेट सेवा दिने हो भने लाखौं युवाहरु नेपालभित्रै बसेर सेवा निर्यात गर्न सक्षम हुने र यसबाट ठूलो मात्रामा वैदेशिक मुद्रा भित्रिने भएकाले मुलुकको समृद्धिका लागि अब धेरै भन्दा धेरै डिजिटल पूर्वाधारको विकास गरेर जानुपर्ने कुरामा मन्त्री शर्माले जोड दिनु भयो ।

कार्यक्रममा नेपाल टेलिकमका तत्कालीन निमित्त प्रबन्ध निर्देशक विनिता श्रेष्ठले कम्पनीका योजना साथै कार्य प्रगतिका बारेमा जानकारी गराउँदै अधिवेशन सफलताको शुभकामना व्यक्त गर्नुभएको थियो । सो कार्यक्रममा उहाँले वर्तमान चुनौतीपूर्ण आर्थिक अवस्था, बदलिँदो बजार र प्रतिस्पर्धामा पनि कम्पनीले केही राजस्व वृद्धि गर्न सक्षम भएको जानकारी गराउँदै कम्पनी सवल र सक्षम रहेको कुरा उल्लेख गर्नुभयो ।

कार्यक्रममा नेपाल राष्ट्रिय कर्मचारी महासंघका अध्यक्ष मणिरत्न श्रेष्ठले संस्थाको समृद्धिका लागि व्यवस्थापन र ट्रेड युनियन एकजुट हुनुपर्ने बताउँदै ट्रेड युनियन बलियो भयो भने समग्र संस्था बलियो हुने उल्लेख गर्नुभयो ।

सो कार्यक्रममा नेपाल राष्ट्रिय कर्मचारी संगठन, संस्थान राष्ट्रिय समितिका अध्यक्ष जय बहादुर शाही, संगठनका संस्थापक अध्यक्ष गुमान सिंह केसी, कम्पनीमा क्रियाशील युनियन नेपालदूरसञ्चार राष्ट्रिय कर्मचारी संगठन (NTEAN) का अध्यक्ष मोहन प्रसाद फुयाल, नेपाल टेलिकम वर्कर्स युनियन (NTCWU) का अध्यक्ष सुरेश रौनियार र नेपाल टेलिकम कर्मचारी युनियन (NTEU) का अध्यक्ष वीरेन्द्रलाल जोशीले अधिवेशन सफलताको शुभकामना व्यक्त गर्दै आ-आफ्नो धारणा राख्नुभएको थियो । साथै कार्यक्रममा उपस्थित सबैलाई संगठनका सहअध्यक्ष श्री बाबुजी पण्डितले स्वागत गर्नुभएको थियो ।

कार्यक्रमको अध्यक्षता संगठनका अध्यक्ष दामोदर केसीले गर्नु भएको थियो । सो अधिवेशनले तेज बहादुर शाहीको अध्यक्षतामा ३९ सदस्यीय नयाँ केन्द्रीय समिति चयन गरेको छ ।

# ना.प्र.नि. ढुङ्गेल र खतिवडा सेवानिवृत्त

नेपाल टेलिकमका नायव प्रबन्ध निर्देशकद्वय राधाकृष्ण ढुङ्गेल र देवेन्द्र खतिवडा सेवानिवृत्त हुनुभएको छ । दुवै ना.प्र.नि. हरु ५८ वर्ष उमेर हदका कारण कम्पनीको सेवाबाट सेवानिवृत्त हुनुभएको हो ।

गत बैशाख ३ गते केन्द्रीय कार्यालयमा आयोजित एक कार्यक्रममा कम्पनीका प्रबन्ध निर्देशक संगीता पहाडी (अर्याल) लगायत कम्पनीका अन्य उच्च पदस्थ अधिकृतहरुले उहाँहरुको क्रियाशील सेवानिवृत्त जीवनको कामना गर्दै कम्पनीको तर्फबाट विदाइ गर्नुभयो ।

सो अवसरमा सेवानिवृत्त ना.प्र.नि. राधाकृष्ण ढुङ्गेल र देवेन्द्र खतिवडाले आफूले सेवा प्रवेश गरे देखि अवकाश अवधि सम्म कम्पनीका लागि गरेका विभिन्न कार्यको संस्मरणात्मक अनुभव प्रस्तुत गर्नुका साथै कम्पनी सम्बन्धी विविध जानकारी समेत प्रस्तुत गर्नुभएको थियो । नेपाल टेलिकमको चुनौती र अवसरका वारेमा आफ्नो विचार प्रस्तुत गर्दै उहाँहरुले आगामी दिनमा भित्रिने नयाँ प्रविधिलाई आत्मसात् गरी त्यसै अनुरुपको रणनीति निर्माण गर्नुपर्ने आवश्यकतामा उहाँहरुले जोड दिनुभयो ।

प्रबन्ध निर्देशक संगीता पहाडी (अर्याल) ले उहाँहरुको सेवानिवृत्त जीवन सुखमय, क्रियाशील र सुस्वास्थ्यमय रहोस् भन्ने कामना गर्दै उहाँहरुले कम्पनीमा पुऱ्याउनु भएको योगदानको उच्च मूल्याङ्कन गर्दै सधैं स्मरण गरिने बताउनु भयो ।



राधाकृष्ण ढुङ्गेल



देवेन्द्र खतिवडा

२०५१ फागुन १० गते तत्कालीन नेपाल दूरसञ्चार संस्थानमा सेवा प्रवेश गर्नुभएका राधाकृष्ण ढुङ्गेल प्रमुख प्राविधिक अधिकृत एवं वायरलाइन तथा ग्राहक सेवा निर्देशनालयको निर्देशक पदमा कार्यरत रहँदा २०८० चैत २४ देखि लागु हुने गरी कम्पनीको सेवाबाट सेवानिवृत्त हुनुभएको हो ।

त्यसैगरी २०५१ फागुन १० गते नै तत्कालीन नेपाल दूरसञ्चार संस्थानमा सेवा प्रवेश गर्नुभएका देवेन्द्र खतिवडा सूचना प्रणाली सहयोगी निर्देशनालयको निर्देशक पदमा कार्यरत रहँदा २०८१ बैशाख ३ देखि लागु हुने गरी कम्पनीको सेवाबाट सेवानिवृत्त हुनुभएको हो ।

# एनटीटीभीमा आलाकार्टा प्रणाली

नेपाल टेलिकमले आफूले हेर्न चाहेका टेलिभिजन च्यानलको मात्र शुल्क तिर्न पाउने गरी सरकारको आलाकार्टा (A'la Carte) शुल्क प्रणाली लागु गर्ने निर्देशन बमोजिम आफ्नो टेलिभिजन सेवा (NtTV) का ग्राहकहरुका लागि NtTV A'la Carte शुल्क प्रणाली लागु गरेको छ ।

सो अनुरुप ग्राहकले Basic Package वा Premium Package वा Basic Package मा आवश्यकता अनुसार Bouquet Package थप गरी Package हरु खरिद गर्न सकिने व्यवस्था रहेको छ । Basic Package लिएका ग्राहकहरुले हालका लागि आफ्नो आवश्यकता अनुरुप तपसिल बमोजिमका Bouquet प्याकेजहरु खरिद गर्न सक्ने छन् ।

**Monthly Package :**

| S.N. | Package Name | Tariff NRs. (Inclusive of Tax) |
|---|---|---|
| 1. | Monthly Star Bouquet | 65 |
| 2. | Monthly Sony Bouquet Pack | 65 |
| 3. | Monthly Zee Bouquet | 25 |
| 4. | Monthly India Cast Bouquet Pack | 25 |
| 5. | Monthly Home Box Bouquet Pack | 15 |
| 6. | Monthly Bennet Bouquet | 3 |
| 7. | Monthly Discovery Bouquet | 20 |
| 8. | Monthly BBC Bouquet | 2 |
| 9. | Monthly Super Bouquet Pack | 175 |

**Quarterly Package :**

| S.N. | Package Name | Tariff NRs. (Inclusive of Tax) |
|---|---|---|
| 1. | Quarterly Star Bouquet | 195 |
| 2. | Quarterly Sony Bouquet Pack | 195 |
| 3. | Quarterly Zee Bouquet | 75 |
| 4. | Quarterly India Cast Bouquet Pack | 75 |
| 5. | Quarterly Home Box Bouquet Pack | 45 |
| 6. | Quarterly Bennet Bouquet | 9 |
| 7. | Quarterly Discovery Bouquet | 60 |
| 8. | Quarterly BBC Bouquet | 6 |
| 9. | Quarterly Super Bouquet Pack | 525 |

शुरुको तीन महिनाभित्र सम्पूर्ण Premium Package सहितको वार्षिक प्याकेज Subscription गर्ने ग्राहकहरुका लागि अफरको रुपमा जम्मा रु. ३६० प्रति महिनाको दरमा Premium प्याकेजहरु उपलब्ध हुनेछन् । सो बमोजिम वार्षिक प्याकेज खरिद गर्दा प्याकेजको Tariff निम्न अनुसार रहेको छ :

| S.N. | FTTH Package | Total Package Tariff (Renewal) Rs. | Total Package Tariff with STB (One Time) Rs. | Free Mobile Data Per Day (Max.) | Remarks |
|---|---|---|---|---|---|
| 1. | 50 Mbps | 10999 | 12000 | 600 MB | |
| 2. | 100 Mbps | 13999 | 14999 | 800 MB | |
| 3. | 150 Mbps | 15999 | 16499 | 900 MB | |
| 4. | 200 Mbps | 18999 | 19999 | 1000 MB | |

ग्राहकले Basic तथा Premium Package खरिद गर्नका लागि नजिकको नेपाल टेलिकमको काउन्टरमा सम्पर्क गनुपर्नेछ भने Basic Package लिएका ग्राहकहरुले थप Bouquet Package खरिद गर्नका लागि TV को Menu मा गएर आफैं खरिद गर्न सक्नेछन् ।

यस आलाकार्टा शुल्क प्रणालीमा आफ्नो रुचि बमोजिमका प्याकेज खरिद गरी सो को मात्र भुक्तानी गर्न मिल्ने भएको हुँदा यसबाट ग्राहकवर्गलाई फाइदा पुग्ने विश्वास कम्पनीको रहेको छ ।

# नेपाल टेलिकमको सजिलो एक्जिक्युटिभ प्याक

नेपाल टेलिकमले आफ्ना प्रिपेड तथा पोष्टपेड ग्राहकहरुका लागि सजिलो एक्जिक्युटिभ प्याक सञ्चालनमा ल्याएको छ । कम्पनीले कर्पोरेट क्षेत्रका ग्राहक तथा अत्यधिक डाटा एवम् भ्वाइस सेवा प्रयोग गर्ने ग्राहकहरुको मागलाई मध्यनजर गरी सजिलो एक्जिक्युटिभ प्याक सञ्चालन गरेको हो ।

यस प्याकेज अन्तर्गत रु. १९९९ मा सबै नेटवर्कमा प्रयोग गर्न सकिने अनलिमिटेड अल नेट अल टाइम भ्वाइस सेवा उपलब्ध हुनेछ । यसका साथै प्रतिदिन ७ जीबी डाटा (७ जीबी सकिएपछि १ एमबीपीएस गतिमा अनलिमिटेड चल्ने) र ५०० अल नेट एसएमएस समेत यस प्याकेजमा उपलब्ध हुनेछ । सो प्याकेज २८ दिनको समयावधि सम्म चलाउन सकिन्छ ।

अत्यधिक मात्रामा भ्वाइस तथा डाटा सेवाको प्रयोग गर्ने ग्राहकहरुका माझ सजिलो एक्जिक्युटिभ प्याक लोकप्रिय बन्दै गएको पाइएको छ ।

यसका साथै पहिले देखि नै प्रचलनमा रहेका सजिलो अनलिमिटेड प्याकेजहरु ५९९, ६३६, ७९९, ९९९ र १४९९ को Resource परिमार्जन गरी सञ्चालन गरिएको छ ।

कम्पनीले सञ्चालन गरिरहेका प्याकेजहरुमा ग्राहकको रुचि, बजारको माग, कम्पनीको ग्राहक आधार तथा राजस्वमा हुन सक्ने वृद्धिका साथै ग्राहक सन्तुष्टि र गुणस्तरीयता जस्ता विविध पक्षहरुको विश्लेषण गरी उक्त प्याकेजहरुमा परिमार्जन तथा नयाँ प्याकेजहरु सञ्चालन गरेको हो ।

# NTEAN को ३४औं वार्षिकोत्सव कार्यक्रम सम्पन्न

नेपाल दूरसञ्चार राष्ट्रिय कर्मचारी संगठन (NTEAN) को ३४औं वार्षिकोत्सव कार्यक्रम सम्पन्न भएको छ । गत २०८० चैत २७ गते कम्पनीको केन्द्रीय कार्यालयका साथै देशभरका विभिन्न प्रादेशिक निर्देशनालयहरुमा संगठनको वार्षिकोत्सव विभिन्न कार्यक्रम गरी सम्पन्न गरिएको हो ।

सो अवसरमा प्रमुख अतिथि नेकपा एमालेका सचिव योगेश भट्टराईले व्यावसायिक कामको माध्यमबाट आम जनतामा प्रभावकारी सेवा प्रदान गर्नको लागि स्थापित नेपाल टेलिकमले कनेक्टिभिटीको कार्य गरिरहेको र सरकारलाई राजस्व बुझाउने कार्यमा समेत अग्रस्थानमा रहेको बताउँदै यो भूमिकालाई अझै बलियो र प्रभावकारी बनाउनु पर्ने बताउनु भयो । स्वायत्त निकायका रुपमा कार्य गर्नुपर्ने, सेवालाई दूरदराज सम्म प्रभावकारी बनाउने, विश्वव्यापी रुपमै प्रतिस्पर्धी बनाउने, डाटा र साइबर सुरक्षामा केन्द्रीत हुनुपर्ने तथा भूराजनीति र प्रविधिको लडाई चलिरहेको वर्तमान अवस्थामा कम्पनीलाई सवल बनाउनका लागि उत्तरदायी र जवाफदेही ट्रेड युनियन बनाउनु पर्ने आवश्यकतामा उहाँले जोड दिनुभयो ।

प्रबन्ध निर्देशक संगीता पहाडी (अर्याल) ले कम्पनी र कर्मचारी हकहितका लागि संगठनले गरेको योगदान सदा झैं अविरल रहोस् भन्ने कामना गर्दै भ्वाइस सेवा मात्र रहेको समयमा बनेका कानुनलाई वर्तमान परिवेश अनुसार परिमार्जन गर्नु आवश्यक रहेको बताउनु भयो । उहाँले देशका साधन स्रोत प्रयोग गरी निर्माण भएका दूरसञ्चार पूर्वाधार परिचालन गर्नका लागि त्यसै अनुसारको वातावरण निर्माण गर्न र परियोजना सञ्चालन तथा आय आर्जनका कार्य गर्न श्रम शक्तिलाई परिचालन गर्नुपर्ने कुरामा कम्पनी स्पष्ट भएको बताउनु भयो ।

पेशागत महासंघ नेपालका अध्यक्ष पुण्य प्रसाद ढकालले उत्पादन गुणस्तरीय हुनुपर्छ र यसका लागि व्यवस्थापन पनि राम्रो हुनुपर्छ भन्ने ट्रेड युनियनको मान्यता भएको बताउँदै संस्था पक्षीय ऐन नियम निर्माण गरिने अपेक्षा गर्नुभयो ।

संगठनका उपाध्यक्ष कृष्ण प्रसाद ज्ञवालीको स्वागत मन्तव्य मार्फत प्रारम्भ भएको कार्यक्रममा संगठनका पूर्व अध्यक्ष कुल बहादुर आचार्य, पूर्व सल्लाहकार कुमार प्रसाद खतिवडा र सल्लाहकार लोक बहादुर कटुवालका साथै कम्पनीमा क्रियाशील युनियनहरु नेपाल टेलिकम वर्कर्स युनियन (NTCWU) का अध्यक्ष सुरेश रौनियार, नेपाल राष्ट्रिय कर्मचारी संगठन (NEONNT) का अध्यक्ष दामोदर केसी र नेपाल टेलिकम कर्मचारी युनियन (NTEU) का अध्यक्ष वीरेन्द्रलाल जोशीले वार्षिकोत्सवको अवसरमा शुभकामना प्रदान गर्नुका साथै कम्पनीलाई अझै प्रतिस्पर्धी र सेवाप्रवाह गर्न सक्षम बनाउनका लागि निर्वाह गर्नु पर्ने भूमिका सम्बन्धमा आ-आफ्नो विचार प्रस्तुत गर्नु भएको थियो ।

सो कार्यक्रममा वार्षिकोत्सवका अवसरमा आयोजित विभिन्न खेलकुद प्रतियोगिताका विजेता तथा रक्तदान कार्यक्रममा सहभागीलाई पुरस्कार तथा प्रमाणपत्र वितरण गरिएको थियो । त्यसैगरी एसईई परीक्षामा सबैभन्दा बढी अंक ल्याउने तह ३ सम्मका कर्मचारीका सन्ततिमध्ये उत्कृष्टहरुलाई NTEAN GOLD MEDAL लगायतका विभिन्न पुरस्कार वितरण गरिएको थियो । सो पुरस्कार ७ वटै प्रदेशमा प्रदेशगत रुपले उत्कृष्ट सन्ततिलाई समेत प्रदान गरिएको थियो । त्यसैगरी आचार्य मनरुपा सुमन्त बहादुर स्मृति पुरस्कार छात्र/छात्रा १/१ जनालाई प्रदान गरिएको थियो ।

संगठनका अध्यक्ष मोहन प्रसाद फुयालले कार्यक्रम समापन गर्दै सहभागी सबैलाई धन्यवाद ज्ञापन गर्नुभयो । उहाँले आगामी दिनमा व्यवस्थापन र युनियन सबै मिलेर कम्पनीलाई अगाडि बढाउन र प्रतिस्पर्धामा उत्रिनका लागि भूमिका खेल्नु पर्ने आवश्यकतामा जोड दिनुभयो ।

# विभिन्न अदालतमा कम्पनीका सेवा उपलब्ध गराइने

नेपाल टेलिकमले विभिन्न उच्च अदालत तथा जिल्ला अदालतहरुमा विविध दूरसञ्चार सेवाहरु उपलब्ध गराउने भएको छ। यस सम्बन्धमा नेपाल टेलिकम र सर्वोच्च अदालतबीच गत २०८० चैत्र २१ गते सम्झौता सम्पन्न भएको छ। .

सो सम्झौता पत्रमा नेपाल टेलिकमको तर्फबाट प्रबन्ध निर्देशक संगीता पहाडी (अर्याल) र सर्वोच्च अदालतको तर्फबाट सह-रजिष्ट्रार हरिराज कार्कीले हस्ताक्षर गर्नुभएको छ।



सम्झौता अनुसार नेपाल टेलिकमले सम्झौता पत्रमा तोकिएका विभिन्न उच्च अदालत तथा जिल्ला अदालतहरुमा Dedicated इन्टरनेट सेवाका साथै एफटीटीएच सेवा तथा एसएमएस अलर्ट सर्भिस तथा पुल एसएमएस सर्भिस (सर्ट कोड) उपलब्ध गराउने छ।

हाल यो सेवा सम्पूर्ण उच्च अदालत तथा उच्च अदालत अन्तर्गतका इजलास र विभिन्न जिल्ला अदालतहरुमा उपलब्ध हुनेछ।

# डाटा चलाउनका लागि नेपाल टेलिकमका सेवाहरू

नेपाल टेलिकमले ग्राहकको रुचि र आवश्यकतालाई मध्यनजर गरी विभिन्न प्रकारका इन्टरनेट सुविधा उपलब्ध गराइरहेको छ। इन्टरनेट सुविधाका लागि समय समयमा विभिन्न प्रविधि भित्रिने र परिमार्जन हुने क्रम जारी रहेको अवस्था छ।

हाल नेपाल टेलिकमले उपलब्ध गराइरहेका विभिन्न सेवाहरु मध्ये इन्टरनेट सेवा एक हो। यसका लागि कम्पनीले विभिन्न वैकल्पिक प्रविधिमार्फत इन्टरनेट सेवा उपलब्ध गराइरहेको छ। हाल नेपाल टेलिकमले उपलब्ध गराइरहेको एफटीटीएच प्रविधिको एनटी फाइबर सेवा, मोबाइलमा उपलब्ध हुने फोरजी सेवा र नमस्ते वाइफाई सेवा सेवाग्राहीका लागि रुचिकर बनेका छन्।

## एनटी फाइबर

नेपाल टेलिकमले देशका अधिकांश भू-भागमा फाइबर टु द होम (एफटीटीएच) सेवा उपलब्ध गराइरहेको छ।

कम्पनीले यसलाई **एनटी फाइबर (NT Fiber)** ब्रान्ड नाममा बिक्री-वितरण गरिरहेको छ। अत्याधुनिक प्रविधिको एनटी फाइबरमार्फत एउटै तारबाट एचडी गुणस्तरको आवाजसहितको टेलिफोन, तीव्र गतिको इन्टरनेट र टेलिभिजन सेवा समेत प्रयोग गर्न सकिन्छ। त्यसैगरी एनटी फाइबरको गति अनुसार दैनिक रुपमा मोबाइलमा समेत डाटा उपलब्ध हुन्छ।

एउटै तारबाट आवश्यकता अनुसार चारवटा सुविधा चलाउन सकिने भएकाले नेपाल टेलिकमले यसलाई थ्री प्लस वान अर्थात् 'एउटैमा तीन प्लस १' सेवा नामकरण गरेको छ।

नेपाल टेलिकमले ५०, ७५, १००, १५० र २०० एमबीपीएसको गतिमा एनटी फाइबर सेवा उपलब्ध गराइरहेको छ। कम्पनीका सेवाग्राहीहरूले कम्पनीद्वारा तोकिएको गति अनुसारकै गुणस्तरीय सुविधा उपभोग गर्न पाउँछन्। कम्पनीले तोके बमोजिमकै ब्यान्डविथ उपलब्ध गराइरहेको छ।

एनटी फाइबर सेवा प्राप्त गर्न चाहने सेवाग्राहीले १९८ मा डायल गरी प्राप्त सन्देश पश्चात फेरि १ डायल गरी आफूलाई आवश्यक पर्ने सेवाका बारेमा जानकारी पाउनुका साथै Demand Registration पनि गर्न सक्नेछन्। यसका साथै नेपाल टेलिकम एप प्रयोग गरेर पनि यसको बारेमा जानकारी लिन सकिन्छ।

## आकर्षक मोबाइल डाटा

अहिले धेरै मोबाइल प्रयोग गरेको पाइन्छ। मोबाइलमार्फत कसैलाई कल गर्नका लागि मात्र नभई यसमा डाटा सुविधा समेत चलाउन सकिन्छ। त्यसैले अहिले धेरै मोबाइल डाटा प्रयोग गर्ने गरेको पाइन्छ। फोरजी सेवा उपलब्ध भए पश्चात मोबाइलमा उपलब्ध हुने डाटाको लोकप्रियता बढिरहेको छ।

नेपाल टेलिकमले प्रिपेड तथा पोस्टपेड दुवै मोबाइलमा प्रयोग गर्न सकिने मोबाइल डाटा उपलब्ध गराइरहेको छ। ग्राहकले आवश्यकता अनुसार कम वा धेरै मूल्यको डाटा प्रयोग गर्न सक्ने गरी प्याकेज निर्धारण गरिएका छन्।

हाल कम्पनीले स्प्रिङ अफर अन्तर्गत विभिन्न दरका आकर्षक प्याकेजहरु उपलब्ध गराइरहेको छ। यस अन्तर्गत अनलिमिटेड डाटा प्रयोग गर्न सकिने सुविधा समेत छ। त्यसैगरी पोस्टपेड प्याक, फोरजी प्याक, डे प्याक, नाइट प्याक, स्टे कनेक्टेड प्याक, पपुलर प्याक आदि उपलब्ध छन्।

विभिन्न प्याकेज प्राप्त गर्नका लागि ग्राहकले *1415# डायल गर्नुपर्छ। कम्पनीको 'नेपाल टेलिकम' एपबाट पनि यस सम्बन्धी जानकारी लिन तथा सेवा खरिद गर्न सकिन्छ। त्यसैगरी कम्पनीको वेबसाइट www.ntc.net.np मार्फत यस सम्बन्धमा विस्तृत जानकारी प्राप्त गर्न र सेवा खरिद गर्न सकिन्छ।

## नमस्ते वाइफाई

नेपाल टेलिकमले फोरजी एलटीई प्रविधिमा आधारित नमस्ते वाईफाई सेवा उपलब्ध गराइरहेको छ। कम्पनीले एफटीटीएच सेवा उपलब्ध नभएका सुगम स्थान र अधिकांश दुर्गम स्थानमा द्रुत गतिको डाटा तथा भ्वाइस सेवा उपलब्ध गराउने उद्देश्यका साथ यो सेवा विस्तार गरेको हो।

टेलिकमले नमस्ते वाइफाई सेवाका विभिन्न आकर्षक प्याकेजहरू उपलब्ध गराइरहेको छ। कम्पनीले उपलब्ध गराइरहेका यी प्याकेजहरू आवश्यक डिभाइससहित ग्राहकलाई सहज रुपमा उपलब्ध हुन्छ।

नमस्ते वाइफाई अन्तर्गत डाटा मात्र चलाउन चाहने ग्राहकका लागि 'अनलिमिटेड डाटा वान्ली' र 'अनलिमिटेड डाटा विथ भ्वाइस' प्याकेज उपलब्ध छ। यस अनुसार डाटा मात्र चलाउनका लागि अनलिमिटेड बेसिक र अनलिमिटेड प्रिमियम प्याकेज उपलब्ध छन् भने भ्वाइस सहितको डाटा चलाउनका लागि पनि बेसिक र प्रिमियम प्याकेज उपलब्ध छन्।

नमस्ते वाइफाई सेवाको प्याकेज र मूल्यको बारेमा https://www.ntc.net.np/post/namaste-wi-fi मार्फत विस्तृत जानकारी लिन सकिन्छ।

सुझाव तथा प्रतिक्रिया पठाउने ठेगानाः नेपाल टेलिकम, प्र.व्या.अ.का., सूचना तथा प्रकाशन शाखा, दूरसञ्चार भवन, भद्रकाली प्लाजा
e-mail: ntc.news@ntc.net.np फोनः ४२१०३७८, मासिक रूपमा प्रकाशित हुने यो Newsletter कम्पनीको website : www.ntc.net.np मा पनि उपलब्ध छ।

**Published by: Nepal Telecom, Office of CCO, Information & Publication Section**
Co-ordinator : Hari Dhakal    Joint Co-ordinator : Parmatma Bhattarai

Editor : Santosh Khanal
Editorial Team : Eka Raj Subedi, Meghanath Dhakal